# काठमाडौं महानगरपालिका

# स्थानीय राजपत्र

काठमाडौं महानगरपालिकाद्वारा प्रकाशित

वर्ष ७) काठमाडौं, साउन ३२ गते, २०८० साल

## भाग १

## काठमाडौं महानगरपालिका कुकुर/बिरालो बन्ध्याकरण, भ्याक्सिनेसन तथा अभिलेखन कार्यविधि, २०८०

<u>**प्रस्तावना**</u> : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२)को खण्ड (ण) ले तोकेका काम, कर्तव्य र अधिकारसमेतलाई आधार मानी काठमाडौं महानगरपालिका क्षेत्रभित्रका कुकुर र बिरालोको बन्ध्याकरण, भ्याक्सिनेसन र अभिलेखन कार्यक्रमसमेत सञ्चालनका लागि कानुनी

व्यवस्था गर्न वाञ्छनीय भएकोले काठमाडौँ महानगरपालिका प्रशासकीय कार्यविधि (नियमित) गर्ने ऐन, २०७५ को दफा ४ बमोजिम काठमाडौँ महानगरपालिका नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **सङ्क्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम **"कुकुर/बिरालो बन्ध्याकरण, भ्याक्सिनेसन तथा अभिलेखन कार्यविधि, २०८०"** रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) **'कार्यक्रम'** भन्नाले कुकुर/बिरालो बन्ध्याकरण, भ्याक्सिनेसन तथा अभिलेखनसम्बन्धी कार्यक्रम सम्झनुपर्छ ।

(ख) **'नगरसभा'** भन्नाले काठमाडौँ महानगरपालिकाको नगरसभा सम्झनुपर्छ ।

(ग) **'महानगरपालिका'** भन्नाले काठमाडौँ महानगरपालिकालाई सम्झनुपर्छ ।

(घ) **'विभाग'** भन्नाले काठमाडौँ महानगरपालिकाको कृषि तथा पशुपक्षी विभाग सम्झनुपर्छ ।

(ङ) **'विषयगत समिति'** भन्नाले काठमाडौँ महानगरपालिका नगर कार्यपालिकाअन्तर्गतको कृषि, सहकारी तथा पशुपक्षी व्यवस्था समिति सम्झनुपर्छ ।

(च) **'व्यक्ति'** भन्नाले प्राकृतिक र कानुनी दुवै प्रकृतिको व्यक्ति सम्झनुपर्छ ।

(छ) **'भ्याक्सिनेसन'** भन्नाले कुकुर र बिरालोलाई लगाइने रेबिज रोग विरुद्धको खोप सम्झनुपर्छ ।

(ज) **'सेवा प्रदायक'** भन्नाले काठमाडौँ महानगरपालिकाबाट सञ्चालन हुने कुकुर/बिरालो बन्ध्याकरण, भ्याक्सिनेसन तथा अभिलेखनसम्बन्धी कार्यक्रम सञ्चालन गर्न छनौट भएको संघ, सस्था, कम्पनी वा फर्म सम्झनुपर्छ ।

## परिच्छेद-२
## कार्यक्रम सञ्चालनसम्बन्धी व्यवस्था

**३. कुकुर/बिरालो केन्द्रित कार्यक्रम सञ्चालन :** (१) महानगरपालिकाले आफ्नो भौगोलिक क्षेत्रभित्रका घरपालुवा र सामुदायिक कुकुर/बिरालो व्यवस्थापनका कार्यक्रमहरू सञ्चालन गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कार्यक्रम सञ्चालन गर्दा देहायका उद्देश्यहरू कार्यान्वयन गर्ने गरी कार्ययोजना तर्जुमा गर्नुपर्नेछ:

(क) महानगरपालिकाको कृषि तथा पशुपक्षी व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने,

(ख) कुकुर/बिरालो बन्ध्याकरण तथा भ्याक्सिनेसन (रेबिज विरुद्ध) कार्यक्रम सञ्चालन गर्ने,

(ग) कुकुर बन्ध्याकरण तथा रेबिज रोग नियन्त्रण गर्न जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,

(घ) संक्रमित कुकुर/बिरालोको टोकाइका कारण जोखिममा रहेका अन्य पशु तथा मानिसमा हुनेसक्ने जोखिम न्युनीकरण गर्ने,

(ङ) कुकुर/बिरालो बन्ध्याकरण तथा रेबिज विरुद्ध खोप कार्यक्रममा अधिक संघ संस्थाहरूलाई सहभागी गराउने,

(च) महानगर क्षेत्रभित्रका घरपालुवा कुकुर/बिरालोको अभिलेखन गर्ने, गराउने ।

४. **कार्यक्रम सञ्चालन प्रकृया** : (१) महानगरपालिकाले कुकुर/बिरालो बन्ध्याकरण, भ्याक्सिनेसन र अभिलेखन कार्यक्रम सञ्चालन गर्न १५ दिनको सार्वजनिक सूचना आह्वान गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कार्यक्रम सञ्चालन गर्दा विभिन्न संघसंस्था र भेटनरी क्लिनिकसँगको सहकार्यमा गर्न सक्नेछ ।

(३) बन्ध्याकरणपश्चात् पहिचानको लागि कुकुर/बिरालोको Ear Notch गरिनेछ र भ्याक्सिनेसनपश्चात् शरीरको देखिने भागमा हरियो रङ लगाउनुपर्नेछ ।

(४) विभागले तोकेको कर्मचारीको प्रत्यक्ष सुपरीवेक्षणमा कुकुर/बिरालोको बन्ध्याकरण तथा रेबिज भ्याक्सिनेसन कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

(५) कुकुर तथा बिरालो बन्ध्याकरण तथा भ्याक्सिनेसनको प्रगति विवरण मासिक रूपमा विभागमा उपलब्ध गराउनु सम्बन्धित संघसंस्थाको दायित्व हुनेछ ।

(६) सेवा प्रदायक संघसंस्थाले कार्यक्रम कार्यान्वयन गर्दा सम्बन्धित वडा कार्यालयसँग समन्वय गरी गर्नुपर्नेछ ।

५. **संघसंस्था छनौट समिति** : (१) महानगरपालिकाले सामुदायिक कुकुर/बिरालो बन्ध्याकरण तथा भ्याक्सिनेसन गर्न सम्बद्ध योग्य संघसंस्थाको छनौट गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको संघसंस्था छनौट समिति देहायबमोजिम हुनेछः

(क) महानगरपालिका अन्तर्गतको कृषि तथा पशुपक्षी विभागका विभागीय प्रमुख -संयोजक

(ख) महानगरपालिकाको वित्त विभागले तोकेको अधिकृतस्तरको कर्मचारी एक जना -सदस्य

(ग) महानगरपालिका प्रशासन विभागले तोकेको अधिकृतस्तरको कर्मचारी एकजना -सदस्य

(घ) महानगरपालिका कानुन तथा मानव अधिकार विभागले तोकेको अधिकृतस्तरको कर्मचारी एक जना -सदस्य

(ङ) विभागले तोकेको विषयसम्बद्ध अधिकृतस्तर कर्मचारी एक जना - सदस्य सचिव

(३) उपदफा(२)बमोजिमको समितिले संघसंस्थाको छनौट अनुसूची-१ बमोजिम गर्नुपर्नेछ ।

(४) उपदफा (२) बमोजिमको समितिले छनोट गरेका संघसंस्थाहरूको सूची स्वीकृति गर्न विषयगत समितिमा पेस गर्नुपर्नेछ ।

६. **निगरानी राख्नुपर्ने** : (१) बन्ध्याकरण र भ्याक्सिनेसन गरिएका कुकुर/बिरालोको स्वास्थ्य स्थितिको निगरानी कम्तिमा तीन महिनासम्म सम्बन्धित संघसंस्थाबाट गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निगरानी गरेको प्रतिवेदन सम्बन्धित संघसंस्थाले विभागमा पेस गर्नुपर्नेछ ।

**७. अभिलेखन गर्नुपर्ने :** (१) महानगरपालिका क्षेत्रभित्रका घरपालुवा र सामुदायिक कुकुर/बिरालोको सम्बन्धित वडा कार्यालयमा अभिलेखन गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अभिलेखन गर्ने गराउने दायित्व सम्बन्धित कुकुर/बिरालो पाल्ने व्यक्तिको हुनेछ ।

(३) उपदफा (२) बमोजिम विभागको समन्वयमा वडा कार्यालयले अभिलेखन भएका कुकुर/बिरालोको लागि अभिलेखन प्रमाणपत्र जारी गर्नेछ ।

(४) उपदफा (१) बमोजिम अभिलेखन भएका कुकुर/बिरालोको मृत्यु भएमा, स्थानान्तरण गरेमा वा हराएमा त्यस्ता कुकुर/बिरालोको धनीले सो व्यहोराको जानकारी ७ दिनभित्र सम्बद्ध वडा कार्यालयमा गराउनुपर्नेछ ।

## परिच्छेद-३

## कार्यक्रम अनुगमन तथा मूल्याङ्कनसम्बन्धी व्यवस्था

८. **कार्यक्रम अनुगमन, मूल्याङ्कन तथा गुनासो सम्बोधन** : (१) कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन काठमाडौं महानगरपालिका अनुगमन तथा मूल्याङ्कन कार्यविधि, २०७९ बमोजिमको समिति र विभागबाट हुनेछ ।

(२) यस कार्यक्रम कार्यान्वयनका सन्दर्भमा प्राप्त गुनासोहरूको सम्बोधन सम्बन्धित वडा कार्यालयमार्फत विभागले गर्नुपर्नेछ ।

## परिच्छेद-४

## रकम भुक्तानीसम्बन्धी व्यवस्था

९. **रकम उपलब्ध हुने** : (१) दफा ५ बमोजिम छनौट भएका सेवा प्रदायकलाई महानगरपालिकाबाट प्रति कुकुर/बिरालो बन्ध्याकरण र भ्याक्सिनेसन गरेबापत नगरसभाले साल बसाली रूपमा जारी गर्ने विनियोजन ऐनले तोकेबमोजिमको रकम उपलब्ध गराइनेछ ।

(२) उपदफा (१) बमोजिम महानगरपालिकाले उपलब्ध गराएको रकमबाट दोस्रो पक्षले कुकुर/बिरालो बन्ध्याकरण तथा भ्याक्सिनेसनका लागि आवश्यक पर्ने औषधी, सर्जिकल सामान, रेविज विरुद्ध खोपलगायत अन्य आवश्यक सामग्रीको व्यवस्थापन गर्नुपर्नेछ ।

(३) उपदफा(१) बमोजिम उपलब्ध गराइएको रकम अपर्याप्त भएमा सेवा प्रदायकले नै ब्यहोर्नुपर्नेछ ।

(४) कुकुर/बिरालो बन्ध्याकरण तथा भ्याक्सिनेसन कार्य सम्पन्न भइसकेपछि सो कार्यको प्रगति विवरण साथ तस्विरहरू लगायतका मासिक प्रतिवेदनसमेत उपलब्ध गराएपश्चात मात्र विभागले भुक्तानीको लागि सिफारिस गर्नेछ ।

(५) कार्यक्रम सञ्चालन गर्दा प्रयोगमा आउने सबै बिल भर्पाईहरूमा प्रचलित आर्थिक ऐन तथा नियमावलीबमोजिम सिलसिलेवार नम्बर राखी प्रमाणित भएको हुनुपर्नेछ ।

## परिच्छेद-५
## विविध

१०. **प्रतिवेदन सम्बन्धी व्यवस्था :** यस कार्यक्रमको प्रगति प्रतिवेदन सबै वडा कार्यालयबाट प्राप्त गरी विभागले चौमासिक रूपमा विषयगत समितिमा पेस गर्नुपर्नेछ ।

११. **घरपालुवा कुकुर/बिरालो व्यवस्थापन** : (१) घरपालुवा कुकुर/बिरालोको दर्ता, नवीकरण, हेरचाह, रेखदेख, नियमित खोप, औषधी उपचार गर्ने कर्तव्य सम्बन्धित कुकुर/बिरालो धनीको हुनेछ ।

(२) महानगरपालिका क्षेत्रभित्रका मठमन्दिर, पार्क तथा निषेधित क्षेत्र भनी तोकिएका स्थानमा कुकुर/बिरालो छाडा रूपमा छोड्न पाइनेछैन ।

(३) आफूले पालेको कुकुर/बिरालोलाई तोकिएको स्थानमा महानगरपालिकाले तोकेबमोजिम शौच गराउने व्यवस्था मिलाउनु पर्नेछ ।

(४) जथाभावी सार्वजनिक ठाउँ, अर्काको घर आँगनमा वा निषेधित स्थलमा दिसा-पिसाब गराई फोहरमैला गराएको वा छाडा छोडेको पाइएमा सम्बन्धित कुकुर/बिरालो धनीलाई महानगरपालिकाले रु. ५,०००।- सम्म जरिवाना गर्न सक्नेछ ।

१२. **कार्यविधि संशोधन** : यो कार्यविधि आवश्यकता अनुसार काठमाडौं महानगरपालिकाको नगरकार्यपालिकाले संशोधन गर्न सक्नेछ ।

# अनुसूची-१

## संघ/संस्था/क्लिनिक छनौटका आधार

| क्र.सं. | छनौटका आधार | पूर्णांक | कैफियत |
|---|---|---|---|
| १ | संघ/संस्थाहरूको प्रस्ताव सहितको निवेदन | १० | |
| २ | संस्था दर्ता अध्यावधिक प्रमाणपत्रको प्रतिलिपि | ५ | |
| ३ | काठमाडौँ महानगरपालिकामा मौजुदा सूचीमा सूचिकृत भएको पत्र | १० | |
| ४ | संस्थाले हालसम्म कुकुर/बिरालोको बन्ध्याकरण गरेको अनुभवको प्रमाणपत्र (१०० वटा कुकुर/बिरालो बन्ध्याकरण गरेको लागि) १०० वटा भन्दा कमको हकमा अनुपातमा अंक दिने | १५ | |
| ५ | पशु चिकित्सकको प्रमाण कागजात (प्रतिचिकित्सक १० अङ्कले बढीमा २ जना) | २० | |
| ६ | पशु ओसारपसार गर्ने चारपाङ्ग्रे सवारी साधन | १० | |
| ७ | सेल्टर र बन्ध्याकरण गर्ने कक्ष भएको प्रमाण कागजात र भाडामा भए सम्झौता पत्र | १० | |
| ८ | बन्ध्याकरणका लागि आवश्यक सामग्रीको व्यवस्था | १० | |
| ९ | कुकुर/बिरालो समात्ने जनशक्ति (प्रतिव्यक्ति अङ्क २, बढीमा ५जना) | १० | |

***पुनश्चः*** माथि तालिकामा उल्लेखित छनौटका आधारहरू मध्ये क्र.स. ४,५ र ९ मा मात्र सेवा प्रदायकको प्राप्ताङ्कमा घटीबढी हुन सक्नेछ । सबै आधारहरू पुरा गरी कम्तिमा ७० (सत्तरी) अङ्क अनिवार्य प्राप्त गर्नुपर्नेछ ।

# अनुसूची-२

## सम्झौताको ढाँचा

**काठमाडौं महानगरपालिका र ............................. संस्थाबीच कुकुर/बिरालो बन्ध्याकरण र भ्याक्सिनेसन गर्ने सम्बन्धमा भएको सम्झौता पत्र**

काठमाडौं महानगरपालिकाको कार्यालय (जसलाई यसपछि पहिलो पक्ष भनी सम्बोधन गरिनेछ) र श्री ........................संस्था (जसलाई यसपछि दोस्रो पक्ष भनी सम्बोधन गरिनेछ) का बीच का.म.पा. को मिति ............... को निर्णयअनुसार .................. स्थानमा सामुदायिक कुकुर/बिरालो बन्ध्याकरण र भ्याक्सिनेसन कार्य गर्नका लागि तपसिल बमोजिमका सर्त, बन्देज तथा दायित्वको अधीनमा रही गर्न यो सम्झौतापत्रमा हस्ताक्षर गरी एक/एक प्रति लियौँ-दियौँ ।

**तपशिल**

१. दोस्रो पक्षले कुकुर/बिरालोको बन्ध्याकरण तथा भ्याक्सिनेसन कार्य गर्दा पहिलो पक्षले तोकेको जनप्रतिनिधि, कर्मचारी वा प्रतिनिधिको रोहवरमा गर्नु पर्नेछ । बन्ध्याकरण तथा भ्याक्सिनेसन गरेको कुकुर/बिरालोको अलग अलग पहिचान स्पष्ट खुल्ने विवरण, तस्बिर र तोकिएको ढाँचाको कार्यसम्पादन प्रतिवेदन प्रमाणित रूपमा पहिलो पक्षसमक्ष पेस गर्नु दोस्रो पक्षको दायित्व हुनेछ ।

२. दोस्रो पक्षलाई प्रति कुकुर/बिरालो बन्ध्याकरण र भ्याक्सिनेसन गरे बापत पहिलो पक्षले रु....................... उपलब्ध गराउनेछ । दोस्रो पक्षलाई प्रति कुकुर/बिरालो (बन्ध्याकरण गर्नु नपर्नेको हकमा) भ्याक्सिनेसन मात्र गरेबापत पहिलो पक्षले रु........... उपलब्ध गराउनेछ ।

३. यो रकमबाट कुकुर/बिरालो बन्ध्याकरण तथा भ्याक्सिनेसनका लागि आवश्यक पर्ने औषधी, सर्जिकल सामाग्री, रेविज खोप लगायत अन्य आवश्यक सामग्री दोस्रो पक्षले खरिद गरि प्रयोग गर्नु पर्नेछ । कुकुर/बिरालो बन्ध्याकरण र भ्याक्सिनेसन गर्दा माथि उल्लेखित रकममा थप आवश्यक पर्ने भए सो रकम दोस्रो पक्षले नै ब्यहोर्नुपर्नेछ ।

४. दोस्रो पक्षले बन्ध्याकरण र भ्याक्सिनेसन गरेको प्रमाणित हुने प्रतिवेदन पेस गरेपछि कार्यसम्पन्न भएको संख्याको प्रति एकाई दरका आधारमा सो को ८० प्रतिशत रकम भुक्तानी गरिनेछ । बाँकी २० प्रतिशतले हुन आउने रकम अन्तिम चौमासिक प्रतिवेदन पेस भएपछि भुक्तानी दिइनेछ ।

५. दोस्रो पक्षले बन्ध्याकरण र भ्याक्सिनेसन गरेको कार्य प्रगति दैनिक रूपमा विद्युतीय माध्यमबाट पहिलो पक्षलाई जानकारी गराउनुपर्नेछ ।

६. पहिचानको लागि दोस्रो पक्षले बन्ध्याकरण पश्चात Ear Notch गर्नुपर्नेछ र भ्याक्सिनेसनपश्चात शरीरको देखिने भागमा हरियो रङ लगाउनुपर्नेछ ।

७. पहिलो पक्षले तोकेको क्षेत्रभित्रको कुकुर तथा बिरालोको बन्ध्याकरण तथा भ्याक्सिनेसन कार्य गर्नु दोस्रो पक्षको दायित्व हुनेछ । दोस्रो पक्षले बन्ध्याकरण तथा भ्याक्सिनेसन कार्य गर्दा सम्बन्धित वडा कार्यालयसँग समन्वय गरी गर्नुपर्नेछ ।

८. बन्ध्याकरण गरेको कुकुर/बिरालोमा कुनै किसिमको स्वास्थ्य समस्या देखिए नदेखिएको सम्बन्धमा ३ महिनासम्म निगरानी गर्ने दायित्व दोस्रो पक्षको हुनेछ ।

९. दोस्रो पक्षले बन्ध्याकरण वा भ्याक्सिनेसन गरेको भनिएको कुकुर/बिरालोको बन्ध्याकरण वा भ्याक्सिनेसन नगरेको प्रमाणित हुन आएमा दोस्रो पक्षलाई प्रति कुकुर/बिरालोबापत रु. १,००,०००।- (एक लाख रूपैँया) जरिवाना गरी यो सम्झौता स्वतः रद्द हुनेछ । साथै त्यस्तो कार्य गैरकानुनीसमेत भएको हुँदा दोस्रो पक्षको संस्था दर्ता खारेजीको लागि सम्बन्धित निकायमा पहिलो पक्षले पत्राचार गर्नेछ ।

१०. यो सम्झौता सम्वत् ...................बाट लागु हुनेछ । सम्झौता .............सम्म कायम रहनेछ ।

११. यस सम्झौतामा भएका सर्तबाहेकका विषयमा यो सम्झौतासँग नबाँझिने गरी दुवै पक्षको सहमतिमा गर्न सकिनेछ ।

| **पहिलो पक्ष** | | **दोस्रो पक्ष** |
|---|---|---|
| का.म.पा., कृषि तथा पशुपक्षी विभागको तर्फबाट | | ...................... संस्थाको तर्फबाट |
| दस्तखतः<br>नामः<br>पदः<br>मितिः<br>कार्यालयको छापः | | दस्तखतः<br>नामः<br>पदः<br>मितिः<br>कार्यालयको छापः |
| | | |
| **साक्षी** | | **साक्षी** |
| दस्तखतः<br>नामः<br>पदः | | दस्तखतः<br>नामः<br>पदः |

## अनुसूची (३)

## अभिलेखनको ढाँचा

**घरपालुवा कुकुर वा बिरालो धनीको विवरण**

नाम :

ठेगाना :

घर नम्बर :

स्थायी ठेगाना :

अस्थायी ठेगाना :

लिङ्ग :

उमेर :

पेसा :

फोन नं :

इमेल ठेगाना :

नागरिकता प्रमाणपत्र नं :

राष्ट्रिय परिचय पत्र नं :

शैक्षिक योग्यता :

**कुकुर/बिरालोको विवरण**

प्रजाति :

नाम :

उमेर :

रङ :

पहिचान वा नम्बर :

रेबिजको सुई लगाएको मिति :

| **कुकुर/बिरालोको फोटो** |
|---|
| |

स्वीकृत मिति : २०८०/०४/३२

**आज्ञाले**
**बसन्त अधिकारी**
**प्रमुख प्रशासकीय अधिकृत**